मिति : २०७७।०६।०२ गते

समय : दिउँसो ११:०० बजे

स्थान : चौरजहारी नगर सभाहल

आज मिति २०७७।०६।०२ गते यस नगर शिक्षा समितिका अध्यक्ष तथा नगर प्रमुख, श्री विशाल शर्माज्यूको अध्यक्षतामा बैठक बसी तपसिलको उपस्थितिमा देहाय बमोजिमका निर्णयहरु पारित गरियो ।

<u>उपस्थिति</u>

श्री विशाल शर्मा – अध्यक्ष

श्री राम बहादुर के.सी. – सदस्य

श्री कर्ण बहादुर घर्ति – सदस्य

श्री गोपाल भण्डारी– सदस्य

श्री टंकप्रसाद ओली –सदस्य

श्री देवी खड्का –सदस्य

श्री सपना कार्की – सदस्य

श्री भिम बहादुर ओली– सदस्य

श्री यदु राना– सदस्य

श्री सुदास स्वर्णकार– सदस्य

श्री सुनिता ओली डाँगी –सदस्य

श्री यामराज मल्ल –सदस्य

श्री दिलिप कुमार सोनी –सदस्य सचिव

**आमन्त्रित**

उप प्रमुख – श्री राधा रोका

प्रा.स.– श्री टिकाजंग ओली

**प्रस्तावहरु**

१. विद्यार्थी सिकाइ सहजीकरण सम्बन्धमा ।

२. अस्थायी विद्यालय व्यवस्थापन समिति गठन सम्बन्धमा ।

३. नगर करार शिक्षकलाई नियुक्ति दिने सम्बन्धमा ।

४. शिक्षकहरुको काज सरुवा सम्बन्धमा ।

५. विविध ।

**निर्णयहरु**

**निर्णय नं. १ :-** प्रस्ताव नं. १ मा व्यापक छलफल गर्दा नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको मिति २०७७।०५।१९ को माननीय मन्त्रीस्तरीय निर्णयानुसार स्वीकृत विद्यार्थी सिकाइ सहजीकरण निर्देशिका, २०७७ मा उल्लेखित यस नगरपालिकामा प्रभावकारी हुने विद्यार्थी तथा शिक्षकहरुको पहुँचयोग्य सिकाइ सहजीकरण प्रणाली अवलम्बन गरी सिकाइ सहजीकरण गर्न निर्देशिकामा तोकिएको जिम्मेवारी अनुसार नगरपालिका, प्र.अ., विद्यालय प्रशासन, शिक्षक र अन्य सरोकारवाला पक्षहरु सक्रिय भई सिकाइ सहजीकरण प्रक्रिया देहाय बमोजिम अगाडी बढाउने निर्णय गरियो ।

(क) सम्बन्धित विद्यालयमा सिकाई केन्द्र रहने ।

(ख) बिहान ८:०० बजेदेखि मध्यान्ह १२:०० बजेसम्म र दिउँसो १:०० बजेदेखि ४:०० बजेसम्म दुई सिफ्टमा तहगत सिकाई केन्द्र सञ्चालन गर्ने ।

(ग) एउटा कक्षाको एउटा समूहमा २५ जनाभन्दा बढि विद्यार्थी नहुने व्यवस्था मिलाउने ।

(घ) हप्तामा सातै दिन र सार्वजनिक विदाको दिनमा समेत सिकाई केन्द्र सञ्चालन हुने व्यवस्था मिलाउने ।

(ङ) सामाजिक दूरी कायम हुने, स्यानिटाइजर, मास्क, साबुनपानीले हात धुने व्यवस्था मिलाउने, सरसफाईको प्रभावकारी व्यवस्था सम्बन्धित विद्यालयले मिलाउने ।

(च) कुनै बालबालिकाको घरमा परिवारको कोही व्यक्ति कोरोना संक्रमित भई Contact Tracing मा परेमा बालबालिका तथा शिक्षकहरुलाई पिसिआर परीक्षण नहुन्जेलसम्मको लागि सिकाई केन्द्रमा उपस्थित नहुने व्यवस्था सम्बन्धित विद्यालयले मिलाउने ।

(छ) माथि उल्लेखित विषयहरु समेटेर सम्बन्धित विद्यालयहरुले कार्ययोजना बनाई दुई (२) दिनभित्र नगरपालिकामा पेश गर्ने र सोही अनुसार पठनपाठन हुने व्यवस्था मिलाउने ।

**निर्णय नं. २** :- प्रस्ताव नं. २ मा व्यापक छलफल गर्दा विभिन्न यस नगरपालिकाका विभिन्न विद्यालयमा व्यवस्थापन समितिको म्याद सकिएको र कोभिड – १९ को जोखीमका कारण अस्थायी विद्यालय व्यवस्थापन समिति गठनको लागि विद्यालयहरुबाट सिफारिस भई आए बमोजिम तपसिलका विद्यालयमा देहायका अध्यक्ष तथा सदस्य रहने गरी अस्थायी विद्यालय व्यवस्थापन समिति गठन गर्ने निर्णय गरियो ।

**१. श्री हिमालय मा.वि. खोलागाउँ**

क) श्री श्रीकृष्ण शर्मा - अध्यक्ष

ख) श्री इन्द्र बहादुर मल्ल - सदस्य

ग) श्री गीता के.सी. - सदस्य

घ) श्री किसानी पुन - सदस्य

**२. श्री जनचेतना आधारभुत विद्यालय तिमिलेपोखरी**

क) श्री भिम बहादुर के.सी. -अध्यक्ष

ख) श्री खिम बहादुर ओली -सदस्य

ग) श्री कमला डाँगी (ओली) - सदस्य

घ) श्री मिना खड्का (ओली) -सदस्य

**३. श्री शीतल माध्यमिक विद्यालय**

क) श्री बीर बहादुर राना -अध्यक्ष

ग) श्री चन्द्रा के.सी. गिरी -सदस्य

ग) श्री विमला खड्का. -सदस्य

घ) श्री यज्ञ बहादुर भण्डारी -सदस्य

**४. श्री सरस्वती माध्यमिक विद्यालय घरेलीचौर**

क) श्री ध्रुब कुमार के.सी. -अध्यक्ष

ख)श्री शारदा बि.क. -सदस्य

ग) श्री कृष्णा कुमारी शर्मा -सदस्य

घ) श्री राम बहादुर डाँगी -सदस्य

**५. श्री बालहित माध्यमिक विद्यालय, साक्चाखोला**

क) सम्सेर सार्की -अध्यक्ष

घ) कामना ओली -सदस्य

चौंरजहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौंरजहारी, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
२०७३

ङ) शुशिला खड्का -सदस्य

च) हिमा घर्ती -सदस्य

<u>निर्णय नं. ३</u> : प्रस्ताव नं. ३ मा छलफल गर्दा मिति २०७७/०४/१६ र मिति २०७७/०१/३० गतेको शिक्षा समितिको बैठकको निर्णयानुसार भएको दरबन्दी मिलान र मूल्याङ्कन अनुसार सफल तथा मिति २०७७/०४/२१ को शिक्षकको विज्ञापन र मिति २०७७/०५/२० को परीक्षा समितिको निर्णयानुसार सफल भएका र प्रावि तहमा कार्यरत शिक्षक माथिल्लो तहमा सिफारिस भई रिक्त भएको प्रावि तहको नगर करार दरबन्दीमा मूल्याङ्कन बमोजिम वैकल्पिक रहेका नगर करार शिक्षकहरुलाई मिति २०७७/०६/०४ गते देखी लागु हुने गरी नियुक्ति दिने निर्णय गरियो ।

<u>निर्णय नं. ४</u> : प्रस्ताव नं. ४ मा छलफल गर्दा यस नगरपालिकाका केही शिक्षकहरु प्रधानाध्यापक छनौट भई अन्य विद्यालयमा काजमा गएको हुँदा ती शिक्षकहरुको काज सरुवा अनुमोदन गर्ने र प्रधानाध्यापक नियुक्तिका कारण रिक्त रहेका दरबन्दी तथा अन्य शिक्षकहरुको आवश्यकता अनुसार काज सरुवा गर्ने निर्णय गरियो ।

<u>निर्णय नं. ५</u> : प्रस्ताव नं. ५ मा छलफल गर्दा यस नगरपालिकाको मिति २०७७/०५/१७ गतेको सिफारिस बमोजिम मिति २०७७/०५/२६ गते नियुक्ति भएका यस नगरपालिकाका ३४ वटा सामुदायिक विद्यालयका प्रधानाध्यापकहरुको नियुक्ति अनुमोदन गर्ने र नियुक्ति गर्न बाँकी ३ वटा सामुदायिक विद्यालयमा योग्यता पुगेका शिक्षकलाई प्रधानाध्यापक नियुक्ति गर्ने निर्णय गरियो ।